**सूचनाको हकको सम्बन्धमा सार्वजनिक निकायको दायित्व**
- नागरिकको सूचनाको हकको सम्मान र संरक्षण,
- सूचना वर्गीकरण र अद्यावधिक गरी समयसमयमा सार्वजनिकीकरण,
- सूचनामा नागरिकको सरल र सहज पहुँचको व्यवस्था,
- खुला र पारदर्शीरूपमा काम कारबाईको सम्पादन
- सार्वजनिक निकायले उल्लिखित दायित्व निर्वाह गरी नागरिकको सूचना पाउने हकअधिकार सुनिश्चित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratеekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratеekdaily.com

❖ वर्ष ३७ ❖ २०८० भदौ १९ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 September 05 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १८

## पटकपटक रेलमार्गको एलाइनमेन्ट परिवर्तन

# चुरे फेद निजगढ नपाको बागदेव हुँदै सर्भे

प्रस, निजगढ, १७ भदौ/

राष्ट्रिय गौरवको आयोजनाको प्राथमिकतामा रहेको पूर्व–पश्चिम विद्युतीय रेलमार्गको थप स्थलगत कार्यले निजगढमा गति लिन सकेको छैन ।



तस्वीरः प्रतीक

पटकपटकको छलफलपछि यसअघिसम्म निजगढको भमरा–बकैया खोला दोभान हुँदै बकैया खोलाको पूर्वी किनारको खोलाभित्रबाटै रेलमार्गको एलाइनमेन्ट जाने रेल विभागका प्राविधिकले बताए पनि पछिल्लो समय गत चैत २५ गते निजगढ नपाको सभाहलमा निजगढ नपाका जनप्रतिनिधि, पूर्वजनप्रतिनिधि, विभिन्न राजनीतिक दल, समाजसेवी, बुद्धिजीवी, विभिन्न सरोकारवाला सङ्घसंस्था, सम्भावित प्रभावित क्षेत्रका स्थानीयलगायतसँग छलफल भएसँगै उक्त मार्ग पुनः परिवर्तन भएको जनाएको थियो ।

निजगढ नगरपालिकाको सभाहलमा आयोजित कार्यक्रममा निजगढका स्थानीयहरूलाई जानकारी दिंदै रेल विभागका इन्जिनीयर सुमोद पोखरेलले एलाइनमेन्ट परिवर्तन भएको बताउँदै पूर्व–पश्चिम विद्युतीय रेलमार्ग र वीरगंज–काठमाडौं रेलमार्गको स्टेशन एकै स्थानमा बनाउनुपर्ने भएकोले अघिल्लो एलाइनमेन्ट परिवर्तन हुन पुगेको बताएका थिए । उक्त स्टेशनका लागि कम्तीमा तीन सय मिटर चौडाइ र तीन किलोमिटर लम्बाइ भएको जमीनको आवश्यकता पर्ने भन्दै भारतीय रेलवे प्राविधिकहरूले तयार गरिएको एलाइनमेन्ट डिजाइनलाई नै स्वीकार गर्नुपर्ने अवस्था आएपछि एलाइनमेन्ट परिवर्तन हुन गएको उनको भनाइ थियो।

रेलमार्गको एलाइनमेन्ट अनुसार रौतहटको चोचाबाट महेन्द्र राजमार्गको निजगढको सिगौल जाने गेटभन्दा बढीमा पाँच सय मिटर राजमार्ग पार गर्दै घना वन क्षेत्रभित्र पस्दै सुकेपोखरी दक्षिण आसपास भएर चुरे फेदस्थित निजगढ नपा–५ बागदेव खेलकुद मैदान आसपास हुँदै बकैयाखोला पार गर्दै निजगढ नपा–१० लाल हुँदै वन क्षेत्र भएर डमरपुर छिचोल्ने एलाइनमेन्टमा देखाइएको थियो। यसरी वन क्षेत्र मास्दै, बस्ती र खेतीयोग्य जमीनसँगै चुरे पहाडलाई प्रभावित हुने गरी लैजाने उक्त एलाइनमेन्टलाई पनि पुनर्विचार गर्नुपर्ने स्थानीयहरूको आवाज उठेको थियो ।

पटकपटक भएको छलफलपछि यसअघि निजगढको घनाबस्तीको बीच पार्दै भमरा नदीकाट हुँदै राजमार्ग पार गर्दै पुरानो बजार क्षेत्र बुद्धचोक, जमुनापैनी, असी बिघा, पुरानो निजगढ हुँदै बकैया खोला पार गर्ने एलाइनमेन्टविरुद्ध रेलमार्गपीडित सरोकार समिति गठन गरी चर्को विरोध भएपछि रेल विभागले एलाइनमेन्ट परिवर्तन गर्दै भमरा नदीकाट भएर बकैयाखोला पूर्व किनारको डयाम्पबाट लगभग ७५ मिटर खोलाभित्रैबाट एलाइनमेन्ट तय गरिएको रेल विभाग काठमाडौंका सिनियर डिभिजनल इन्जिनीयर प्रकाशचन्द्र भण्डारीले निजगढ नपाको सभाहलमा कार्यक्रम आयोजना गरी स्थानीयहरूलाई जानकारी दिएका थिए ।

पटकपटक रेलमार्गको रूट यकीन हुन नसके पनि पछिल्लोपटक लगभग दुई महीनाअघि रौतहटको चोचाबाट महेन्द्र राजमार्गको निजगढ सिगौल जाने गेटभन्दा बढीमा पाँच सय मिटर राजमार्ग पार गर्दै घना वन क्षेत्रभित्र पस्दै सुकेपोखरी दक्षिण आसपास भएर चुरे फेदस्थित निजगढ नपा–५ बागदेव खेलकुद मैदान आसपास हुँदै वडा नं ४ बागदेवस्थित बस्ती, खेतीयोग्य जमीन छिचोल्दै बकैयाखोला पार गर्दै निजगढ नपा–१० लाल हुँदै वन क्षेत्र भएर डमरपुर छिचोल्ने गरी सर्भे भएको बागभैरव सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष अमर सिङ्तान र शहीद हीरालाल पार्क व्यवस्थापन समितिका अध्यक्ष रमेश अर्यालले बताए। सर्भे गर्दै ठाउँठाउँमा सिमेन्टेड पिलरहरू गाड्ने काम भएको छ ।

अघिल्लोपटक प्रभावित स्थानीयहरूले कुनै पनि हालतमा बस्ती बीचबाट रेलमार्ग लैजाने कार्य स्वीकार्य नहुने भन्दै रेलमार्गपीडित सरोकार समिति गठन गरी निजगढ नगरपालिका, जिल्ला प्रशासन कार्यालय, बारामार्फत रेल विभाग, प्रधानमन्त्रीको कार्यालय, सिंहदरबारलगायत सम्बन्धित निकायहरूमा ज्ञापनपत्र बुझाएपछि त्यस बेला थालिएको सर्भे कार्य तत्कालै रोकिएको थियो ।

अघिल्लो वर्ष रेल विभागसँग निजगढ नपाको सभाहलमा पटकपटक छलफल गरी वैकल्पिक स्थानको खोजी गर्न दबाब सिर्जना गरेपछि रेल विभागका तत्कालीन महानिर्देशक प्रमिला बज्राचार्य, रेलमार्गका लागि युसिङ कोरियन सर्भे कन्सल्टयान्टका मुख्य सर्वेयर मिस्टर कु, मिस्टर सोन, रेल विभागका सिनियर डिभिजन इन्जिनीयर देवेन्द्रप्रसाद साह, नेपाली सर्भे कन्सल्टयान्टका जियोलोजिस्ट अच्युत कोइरालासहितको प्राविधिक टोलीले निजगढको बकैया खोलाको पूर्वीतर्फको क्षेत्रको स्थलगत अनुगमन २०७७ फागुनको दोस्रो सातामा गरेको थियो ।

पछिल्लोपटक निजगढ नपामा रेलमार्गको विषयमा भएको बृहत् छलफलमा निजगढ नगरप्रमुख सुरथ पुरीले निजगढ भएर जाने रेलमार्ग मानवबस्ती, खेतीयोग्य जमीन, वनजङ्गल क्षेत्र आदिलाई कमभन्दा कम क्षति हुनेगरी सर्भे कार्य अघि बढाउन आग्रह गरेका थिए ।

रेलमार्गका लागि कम्तीमा पनि ५० मिटर चौडाइको भूभाग आवश्यक पर्ने, ३५० मिटर दायाँ–बायाँको क्षेत्रलाई समेटी सर्भे गर्नुपर्ने रेलवे विभागले जनाएको छ।

## महानगरका घरहरू

# मेट्रिक प्रणालीमा आधारित

प्रस, वीरगंज, १८ भदौ/

वीरगंज महानगरपालिकाले वैज्ञानिक ठेगाना प्रणाली (जिआइएस बेस्ड हाउस नम्बरिङ) थालनी गरेको छ । बढ्दो



मेट्रिक ठेगाना प्रणालीको नम्बर टाँस गर्दै नगरप्रमुख सिंह । तस्वीरः प्रतीक

शहरीकरणसँगै घर सङ्ख्या बढ्दै गएकाले यहाँकहाँ घरहरूको सहज पहिचान गराउनका लागि मेट्रिक ठेगाना प्रणालीको सुरुआत गरिएको नगरप्रमुख राजेशमान सिंहले बताए । उनले महानगरलाई व्यवस्थित र स्मार्ट सिटीका रूपमा विकास गर्न यो प्रणालीले टेवा

(बाँकी अन्तिम पातामा)

# सूर्य नेपालद्वारा पर्सागढीका किसानलाई ह्याचरी मेशीन सहयोग





प्रस, वीरगंज, १८ भदौ/

सूर्य नेपाल प्रालि, सिमरा, बाराले पर्सा जिल्लाको पर्सागढी नगरपालिका–२ का किसान समूहलाई १५ थान ह्याचरी (चल्ला कोरल्ने) मेशीन सहयोग गरेको छ । सूर्य नेपालका भाइस प्रेसिडेन्ट (कर्पोरेट) रवि केसीले अन्नपूर्ण दुग्ध उत्पादक सहकारी संस्था लिमिटेड, सुनाखरी कृषि सहकारी संस्थालगायत १५ वटा कृषि समूहलाई एक/एक थान ह्याचरी मेशीन हस्तान्तरण गरेका थिए। कार्यक्रमका प्रमुख अतिथि केसीले किसानहरूलाई कुखुराको चल्ला उत्पादन गर्न सहज होस् भनेर सूर्य नेपालले ह्याचरी मेशीन उपलब्ध गराएको बताए । उनले कुखुराको अन्डाबाट प्राकृतिक तरीकाले चल्ला उत्पादन गर्दा आधा नोक्सान हुने गरेको तर मेशीनबाट ९५ प्रतिशतभन्दा बढी उत्पादन हुने हुँदा किसानहरूलाई आर्थिक सहयोग मिल्ने बताए ।

उनले मेशीनबाट कुखुरासँगै हाँस, कालिज, बटईसमेतका अन्डाबाट चल्ला उत्पादन गर्न सकिने बताए ।

सूर्य नेपालका कारखाना व्यवस्थापक सुरेशकाजी श्रेष्ठले मेशीनको प्रभावकारिता र स्थानीयको आवश्यकता अनुसार किसानहरूको जीवनस्तर उकास्न

(बाँकी अन्तिम पातामा)

## वीरगंजका युवकको स्टार्टअप व्यवसाय : खोले कृषि फर्म

# अर्गानिक तरकारीदेखि फलफूल र माछामासु उत्पादनको लक्ष्य

राधेश्याम पटेल, वीरगंज, १८ भदौ/

वीरगंजका एक युवकले अर्गानिक कृषि फर्म सञ्चालनमा ल्याएका छन् । ४३ वर्षीय जगमोहन कुशवाहा पहिले अर्काको केबलको काम हेर्थे तर अब आफ्नै स्टार्टअप व्यवसाय शुरू गरेकोमा खुशी छन् ।

वीरगंज–१२ मुर्ली बस्ने कुशवाहा कक्षा १२ सम्म पढेका छन् । २०५२ सालदेखि केबलको अर्काको काम गर्दै आएकोमा बजारमा छाएको मन्दीको कारण आफ्नो क्यारियर कृषि फर्मतर्फ मोडेका हुन् । अर्काको जागीर गरेर परिवार पाल्न समस्या हुन थालेपछि आफ्नै व्यवसायतर्फ होमिएका हुन् ।

विगत चार महीनादेखि आफ्नै व्यवसायमा रमाउन थालेको उनले जानकारी दिए। वीरगंज–१५ भेडियाहीमा रहेको आफ्नै पुस्तैनी १० कट्ठा जग्गामा सानै लगानी भए तापनि अर्गानिक कृषि फर्म खोलेर उत्पादन शुरू गरेका छन् । राधाकृष्ण अर्गानिक कृषि फर्मको नामले सञ्चालनमा ल्याएको कृषि फर्ममा उनले तरकारी, फलफूल, माछामासु उत्पादन शुरू गरेका छन्। हाल तरकारी र लोकल कुखुराको उत्पादन भइरहेको छ भने अन्य उत्पादन हुने अवस्थामा रहेको उनले बताए।

करीब २५ लाखको लागतमा प्रारम्भिक चरणमा कृषि फर्म सञ्चालनमा ल्याएको बताउँदै आगामी दिनमा लगानी थप्दै जाने उनले जिकिर गरे । "अहिले केही महीना मात्रै बितेको छ, प्रारम्भिक चरणमा तरकारी र कुखुराको उत्पादन शुरू भइसकेको छ," उनले भने, "अहिले अर्गानिक तरकारीमा झिंगनी, करैला, बोडी, लौका, खुर्सानी लगाएको छु, त्यसैगरी फलफूलमा



तस्वीरः प्रतीक

कागती, आँप, लिची, कटहर, मेवा छ र माछामासुको पनि उत्पादन पनि थालेको छु ।"

कृषि फर्ममा सात सयवटा कागती, दुई सयवटा मेवा, २५ वटा आँप, लिची र कटहरका १५/१५ वटा बिरुवा रोपिएको उनले बताए। त्यसैगरी, लोकल कुखुराको लागि खोर बनाएर चार सयवटा चल्ला राखिएको उनले बताए।

बजारमा अत्यधिक माग भएकोले लोकल कुखुरा पालेका हौं, अब बेच्ने बेला भइसकेको छ, उनले जानकारी गराए। करीब एक कट्ठामा खनिएको पोखरीमा माछा पाल्न शुरू गरेको उनले बताए । पोखरीमाथि तीन तले गोठ निर्माण गरी हाँस, त्यसमाथि कुखुरा र त्यसमाथि खसी–बाख्रा पाल्ने योजना रहेको

(बाँकी चौथो पातामा)

**विचारसार र सुक्तिहरू**

**जीवन एउटा अनजान पुस्तकजस्तै हो, जसको कुन पानामा के लेखिएको छ, कसैलाई थाहा हुँदैन ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# गाउँमा पूर्वाधार तयार गरौं

**मुलुकको सत्तामा आउने हरेक सरकारले ग्रामीण विकासको मुद्दालाई प्राथमिकताका साथ उठाउने गरेको छ । राजनीतिक दलहरूको चुनावी घोषणापत्रमा पनि ग्रामीण विकासको कुरा भरिभराउ हुन्छ । तर यथार्थ भने मुलुकले भोगिरहेकै छ । गाउँ नै गाउँले भरिएको हाम्रो देश । मुलुकका ७५३ स्थानीय तहमध्ये ४६० गाउँपालिका छन् । नेपालमा छ महानगरपालिका, ११ उपमहानगरपालिका र २७६ नगरपालिका रहेका भए तापनि यहाँको महानगरमा समेत ग्रामीण क्षेत्र पर्छ । काठमाडौं महानगरपालिकादेखि वीरगंज महानगरपालिकाभित्र पनि ग्रामीण क्षेत्र धेरै पर्छन् । उपमहानगर र नगरपालिकाका अधिकांश भूभाग ग्रामीण क्षेत्र नै हुन् । धरातलीय हिसाबमा हेर्दा मुलुकको १५ प्रतिशत भूभाग ओगटेको हिमाली क्षेत्र र २९ वटा जिल्ला ओगटेको पहाडी क्षेत्र पूर्णरूपले ग्रामीण क्षेत्रको रूपमा छन् । तराई तथा मधेसका धेरै भाग गाउँले भरिएका छन् । केही शहरी क्षेत्रबाहेक समग्रमा अन्य सबै क्षेत्र ग्रामीण क्षेत्र हुन् । शहरी क्षेत्रमा विकासका पूर्वाधारहरू केही तयार भएको भए तापनि ग्रामीण क्षेत्रमा त्यो अवस्था देखिंदैन । विकास पूर्वाधारका न्यूनतम आवश्यकता सडक र सञ्चारले नछोएको ग्रामीण क्षेत्र ठूलो छ ।**

**हाम्रो मुलुक नेपालको सन्दर्भमा सुगम क्षेत्रलाई शहरी क्षेत्र र दुर्गम क्षेत्रलाई ग्रामीण क्षेत्रको रूपमा परिभाषित गरिएको छ । यसलाई गाउँपालिका र नगरपालिका भनेर नामकरण गरेका छौं । ग्रामीण विकास मानिसको गरीबीसँग जोडिएको हुन्छ । ग्रामीण विकास प्रभावकारी हुन सकेको खण्डमा मात्र मुलुकको बृहत् क्षेत्र र त्यहाँका बासिन्दाको जीवनस्तर उकासिन सक्छ । ग्रामीण विकास जनस्तरसँग जोडिएको विकास भएको र जनताका पेशासँग जोडिएको विषय भएकोले यसको विकास हुनु जरुरी छ । ग्रामीण क्षेत्रमा उद्यम र आर्थिक विकासका आयोजनाहरू सञ्चालन गरिएमा प्रतिफल दोब्बर हुन सक्छ । उद्यमीका लागि आवश्यक जनशक्ति र जमीनको क्षेत्र शहरमा भन्दा सुलभ र सहज किसिमले उपलब्ध हुन सक्छ भने कृषिसँग जोडिएका ग्रामीण बासिन्दाको लागि कृषि कर्मबाट बचेको समय तथा जनशक्ति उद्योगमा खर्चिएर नगद आर्जन गर्न सकिन्छ । जसले कृषि कर्मलाई अझ निखार्न, व्यवस्थित गर्न र कृषि उपजको बजार उपलब्धतामा सहज हुनेछ । यसको निम्ति सबैभन्दा पहिले ग्रीमण क्षेत्रमा सडक, बिजुली, सञ्चार र सुरक्षा प्रबन्ध हुनुपर्छ ।**

**ग्रामीण विकास देश विकासको आधार बन्न सक्ने सम्भावना रहँदारहँदै पनि शहरी क्षेत्रनजीकै रहेका गाउँहरूमा समेत न्यूनतम सेवा सुविधा पुग्न नसक्नु विडम्बना हो । ग्रामीण विकासको सन्दर्भमा सङ्घीय, प्रदेश र स्थानीय सरकारको आपसी समन्वय तथा सहकार्य अपरिहार्य छ । तीन तहका सरकारको समन्वयमा जनसहभागितासमेत जोडिएपछि विकास नहुने कुरै छैन । शहरबजारमा भन्दा ग्रामीण क्षेत्रमा जनसहभागिता सहज छ । देशको विकास गर्ने नै हो भने ग्रामीण विकासलाई उठाउन सक्नुपर्छ । मुलुकका शहरी क्षेत्रहरू दूरदृष्टिविना नै स्थापना गरिएका हुँदा उद्यम, व्यवसायका लागि अनुकूल छैनन् । जल, जङ्गल, जमीन, जडीबुटी र जनशक्ति प्रचुर रहेको सानो, सुन्दर देश नेपालको विकास असम्भव हुँदै होइन । राजनीतिक नेतृत्वले यस सन्दर्भमा इमानदारिताका साथ नीतिगतरूपमा सम्बोधन गर्दै सोही अनुसारका आयोजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नुपर्छ ।**

# नेपाली सेना र संसद्

स्वतन्त्र विचार



विनोद गुप्ता

**यस प्रकार काठमाडौंमा स्थापित भारतीय सैनिक मिशन परिस्थितिजन्य उपज भएको र पछिका वर्षहरूमा भारत, अमेरिकालगायत देशहरूसँग संयुक्त सैनिक अभ्यास गर्दै आएको नेपाल सेना कुनै एक देशको पक्षमा नभई व्यावसायिक दृष्टिले आफ्नो दक्षता बढाउन यस्तो कार्य गरिरहेको देखिन्छ ।**

नेपालको संसद्मा CPN UML का माननीय विमला राई पौडेल र रास्वपाका सांसद स्वर्णिम वाग्लेले नेपाली सेनाको सङ्ख्या कटौती गर्नुपर्ने खालको व्यक्तव्य निकालेपछि राष्ट्रिय प्रजातन्त्र पार्टी खुलेर यसको विरोधमा उत्रेको छ भने अन्य, खासगरी ठूला दलका नेताहरू चुपचाप छन् । माओवादी युद्धभन्दा पहिले ४५ हजार सङ्ख्या रहेको नेपाली सेनाको सङ्ख्या अहिले ९० हजार पुगेको छ । माओवादी र नेपाल सरकारको सम्झौतामा पनि सेनाको प्रजातान्त्रीकरण गर्ने सहमति भएको थियो । यस विषयमा नेपाली सेना प्रमुख यो सरकारमा भर पर्ने भनेर विवादबाट टाढिएका छन् । हुन पनि सेनाको सङ्ख्या कति राख्ने, घटाउने कि बढाउने आदि कुरा सरकारको निर्णयमा भर पर्ने कुरा जति स्वाभाविक छ, संसद्को मातहत रहेको सेनाबारे छलफल र कुरा हुनु त्यत्तिकै स्वाभाविक हो । तर यस कुरामा किन यस विधि वितण्डा मचाइयो कि स्वस्वपाका निर्भीक सांसद माननीय वाग्लेले पछिल्ला दिनमा आफ्नो भनाइ परिवर्तन गर्दै अब तिनै सुरक्षा अङ्गका प्रमुखले आफ्नो आधुनिकीकरणको योजना बनाउनुपर्ने र राजनैतिक सहमतिमा यसलाई कार्यान्वयन गर्नुपर्ने धारणा सार्वजनिक गरे ?

यसै क्रममा नेपाली सेनाको गौरवशाली इतिहासबारे जनकारी गराउँदै पूर्व परराष्ट्रमन्त्री रमेशनाथ पाण्डेले सामाजिक सञ्जालमा दिएको जानकारी अनुसार बेलायत देस्रो विश्वयुद्धमा होमिएपछि नेपालले सेनालगायत बन्दूक बनाउन प्रयोग हुने काठसमेत सहयोग गरिरहँदा त्यस बेलाको ब्रिटिश इन्डियाको समेत राजधानी रहेको दिल्लीमाथि जापानी सेनाले हवाई हमला गर्न सक्ने सूचना पाएपछि अमेरिकासँग वायुसेना र नेपालसँग थलसेनाको माग गरेकोमा नेपालले जनरल बहादुर शमशेरको कमान्डमा १० बटालियन सेनासमेत पठाएको थियो । त्यति बेला भारतमा यति ठूलो सङ्ख्यामा सैनिक राख्ने छाउनी नभएकोले नेपाली सेना दिल्लीको बाऱ्हखम्बा रोडमा छाउनी बनाई बसेको बताए ।

त्यसैगरी स्वतन्त्रता प्राप्तिपछि पनि इन्डियामा ६६५ वटा राजा-रजवाडा रहेकोमा सबैले केन्द्रको अधीनता स्वीकार नगरी, खासगरी हैदराबाद र जुनागढलगायत अन्य आफ्नै रेलसेवा, मुद्रासमेत भएका रजवाडाहरूले आफूलाई स्वतन्त्र घोषित गर्दै मान्यताका लागि संयुक्त राष्ट्रसङ्घमा आवेदनसमेत गरेपछि भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूले नेपाल सरकारसँग सैनिक सहयोगका लागि आग्रह गरेपछि तत्कालीन प्रधानमन्त्रीका छोरा जनरल शारदा शमशेरको नेतृत्वमा पुनः १० बटालियन सेना पठाइएको थियो, जसले विद्रोही राजा-रजौटा र नवाबहरूको सैनिकलाई परास्त गरी भारतमा विलय हुने वातावरण निर्माण गरेको थियो । त्यति मात्र नभई यो कार्य सम्पन्न गरी नेपाली सेना फर्कन लाग्दा पुनः भारत सरकारको प्रधानमन्त्रीको अनुरोधमा स्थिति सामान्य नभएसम्मका लागि सेनालाई भारतमैं रहन दिने अनुरोध भइआएपछि नेपाली सेना फेरि केही समय भारतमैं रहनुपरेको थियो । यो प्रसङ्गमा उनी भन्छन्-यति गौरवशाली इतिहास बोकेको सेनालाई विस २००८ सालमा सुदृढीकरणका लागि भारतीय सेनाको हातमा सुम्पेर आजको दिन देख्नुपरेको हो । उनी विद्वान् हुन् तर उनको यो भनाइले चित्त बुझेन र उनले यस भनाइबाट सेना वा नेपालको राजनीतिमध्ये कसलाई औंल्याउन खोजेका हुन् त्यो पनि स्पष्ट भएन । तसर्थ उनको भनाइलाई सैनिक एवं राजनीतिक दृष्टिकोण दुवैबाट हेर्नु उचित होला । सर्वप्रथम त सैनिक दृष्टिकोणबाट हेर्दा, आजसम्म सेनाको इतिहास अत्यन्त व्यावसायिक रहेको र यसले देशको आन्तरिक सुरक्षा एवं विकास निर्माणको कार्यमा गरेको योगदान प्रशंसायोग्य नै रहेको छ । अब जहाँसम्म पूर्वमन्त्रीजीको नेपाली सेनाको भारतीकरणको मुद्दा छ, त्यसबारे नेपाल भारतको सैनिक सम्बन्धको इतिहास खोतल्दा यस प्रकारको जानकारी प्राप्त हुन आउँछ ।

नेपाल-भारतबीच सैनिक सम्बन्धबारे Nepal–India Military Relation Traditional Relation in Republican Era शीर्षक लेखमा केशव पौड्यालको लेख अनुसार सन् १३०३ देखि शुरू भएको मानिन्छ । किनभने सन् १३०३ को मुस्लिमहरूको राजस्थानको चित्तौडमा भएको आक्रमणका कारण नेपाल पसेका द्रव्य शाह त्यति बेलाको प्रचलन अनुसार दौडमा प्रथम भएकाले गोर्खाको राजा छानिएपश्चात् गोर्खा सेनाको गठन गरेका थिए । भारतीय अङ्ग्रेजी दैनिक The Indian Express को जुलाई १६, २०२० को अङ्कमा भारतका अवकाशप्राप्त सेनाध्यक्ष जेनरल भिपी मल्लिकले भारतीय सेनाको हिमाली मुलुकसँगको सैनिक सम्बन्ध महाराजा रणजीत सिंहको कार्यकालसँग जोडिन पुग्छ जसको सेनासँग लाहुरे (Soldiers of Future) भनिने गोर्खाली सेनासँग हाल पाकिस्तानमा रहेको लाहोरमा भिडन्त भएको थियो भनेका छन् । भनिन्छ 'लाहोर' नाम पनि लाहुरे शब्दबाट अपभ्रंश भई उत्पत्ति भएको हो ।

Centre for Land Warfare Studies को अगस्त २०२१ को अङ्कमा नेपाल-भारतको सैनिक सम्बन्ध सन् १८१५ को सुगौली सन्धीदेखि रहेको, जसमा बेलायती सेनामा गोर्खाली सेना भर्नाबारे व्यवस्था रहेको लेख्छ । प्रथम र द्वितीय विश्वयुद्धमा क्रमशः १ लाखदेखि १ लाख १० हजार गोर्खाली सेना प्रयोग भएको उल्लेख पाइन्छ । यसै क्रममा सन् १९५० अर्थात् विस २००७ सालमा भारतीय सेनाले वायुसेना प्रयोग गरी राजा त्रिभुवनलाई राणा शासकहरूको चाहनाविपरीत काठमाडौंबाट दिल्ली लगेको थियो भने दोस्रोपटक सन् १९५२ अर्थात् विस २००९ सालमा सेनाको सानो टुकडीले राजा त्रिभुवनविरुद्ध विद्रोह गरेपछि नेपालमा सेनाको पुनर्संरचना आवश्यक परेकोले काठमाडौंमा मिलिटरी मिशन स्थापना गरिएको थियो । सम्भवतः पूर्वमन्त्रीले यस घटनालाई इङ्गित गर्न खोजेको भान हुन्छ र यो नै हो भने उनीजस्ता विद्वान् परराष्ट्रविद्ले कसरी त्यस बेला प्रजातन्त्रवादी र राणाहरूबीचको मानसिक द्वन्द्वको अवस्था नबुझेका हुन् वा बुझेर पनि बुझ पचाएका हुन् भन्न सकिन्न । भारतको स्वतन्त्रता सङ्ग्रामपश्चात् नेपाल-भारत र बेलायतबीच गोर्खा सैनिकलाई भारत र बेलायतको सेनामा रहन पाउनेगरी सहमति भएको थियो ।

उक्त सहमति अनुसार गोर्खा सैनिकलाई भारत वा बेलायतको सेनामा रहनेगरी आफूखुशी रोज्ने मौका दिइएको थियो जस अनुसार करीब ९० प्रतिशत गोर्खा सैनिकले भारतीय सेनामा सम्मिलित हुने सहमति दिए भने १० प्रतिशत मात्रै बेलायती सेनामा जान तयार भए अनुसार भारतीय र ब्रिटिश सेनामा गोर्खा सैनिकको बटालियन रहेको पाइन्छ भन्ने कुरा ४ जून २०२१ को Financial Express को Defence Relation between India And Nepal शीर्षक लेखमा उल्लेख भएको पाइन्छ । साथै सन् १९५० देखि नै दुवै देशका सेनाले मैत्रीपूर्ण भ्रमण गर्दै आएकामा सन् १९६५ देखि दुवै देशले एक अर्काको प्रधान सेनापतिलाई मानार्थ सेनापतिको उपाधि दिने चलन चलाएकोसमेत उल्लेख छ । यस प्रकार काठमाडौंमा स्थापित भारतीय सैनिक मिशन परिस्थितिजन्य उपज भएको र पछिका वर्षहरूमा भारत, अमेरिकालगायत देशहरूसँग संयुक्त सैनिक अभ्यास गर्दै आएको नेपाल सेना कुनै एक देशको पक्षमा नभई व्यावसायिक दृष्टिले आफ्नो दक्षता बढाउन यस्तो कार्य गरिरहेको देखिन्छ । त्यसैले सेना होइन भने के पूर्वमन्त्रीले राजनीतिलाई इङ्गित गर्न खोजेका हुन् भन्ने प्रश्न पनि उठ्छ । यतातिर हेर्दा २००७ देखि १७ सम्मको कुरा गर्दा त्यस्तो केही पनि देखिन्न भने यो अवधिमा कोशी सम्झौता मातृकाप्रसाद कोइरालाले त्रिशुली जनविद्युत् योजना बनाई काठमाडौं झिलीमिली पार्न सुम्पेको सुनिन्छ भने आधिकारिकरूपमा पुष्टि नभए पनि काङ्ग्रेसी उच्चवृत्तमा पञ्चायतकालमैं गण्डकको MOU मा ८५००० बिघा सिंचाइ गर्ने समझदारी भएको तर राजा महेन्द्रको पालामा यसलाई ४५००० बिघा कायम गरी सम्झौता अवधि पनि बढाइएको सुनेको छु । विपीले चीन भ्रमणमा रहँदा त्यहाँका नेताहरूले सगरमाथाको सीमाङ्कन गर्दै उत्तर मोहडामा आफ्नो दाबी गर्दा ठाडै अस्वीकार गरेको सबैमा विदित नै छ । तर उनको सरकार अपदस्थ भएपछि राजाले सगरमाथाको उत्तर मोहडामा चीनको आधिपत्य स्वीकार गरेका र १९६२ को भारत-चीन युद्धमा कालापानीमा भारतीय सेना बस्ने अनुमति पनि दिएको ऐतिहासिक प्रमाण हुँदाहुँदै यस्तो कसरी सोच्न सकिन्छ भन्ने प्रश्न खडा हुन्छ । २०१७ को कदमपछि राजा महेन्द्रले नै इन्डिया-चाइना कार्ड खेल्न शुरू गरेका हुन्, विपी कोइरालाले होइन । विपीको भारतीय संस्थापन पक्षसँग कहिले सुमधुर सम्बन्ध नभएको इतिहास साक्षी छ ।

वस्तुतः भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरू, विपी कोइरालाले इजरायलसँग दौत्य सम्बन्ध स्थापित गर्ने निर्णय, संयुक्त राष्ट्रसङ्घका तत्कालीन महासचिव ड्याग ह्यामर शोल्डको हत्याबारे बनेको उच्चस्तरीय छानबीन समितिको सदस्य र सोसलिस्ट इन्टरनेशनलको दोस्रो महाधिवेशनबाट दक्षिण एशियाको उपाध्यक्ष भएकोमा खुशी थिएनन् र भनिन्छ यसै कारणले २०१७ ल्याउन उनको मौन समर्थन रहेको थियो । त्यसपछि २०४५ सालसम्म त पञ्चायतकै रजगज थियो र २०४६ पछि स्थापित प्रजातान्त्रिक सरकार आजसम्म परराष्ट्र नीतिमा त्यही भारी बोकेर हिंडेको छ ।

# न्याय सेवालाई प्रभावकारी बनाउन सरकार प्रतिबद्ध छ –कानूनमन्त्री




काठमाडौं, १८ भदौ/रासस

कानून, न्याय तथा संसदीय मन्त्री धनराज गुरुङले न्यायिक सुधार गर्न योजनाबद्ध विकासको थालनी भएको बताउँदै बक्यौता मुद्दाको शीघ्र फछ्र्योट गर्न समय निर्धारण गरी सर्वोच्च अदालत अग्रसर रहेको जानकारी गराएका छन् ।

प्रतिनिधिसभाको सोमवारको बैठकमा आफ्नो मन्त्रालयसम्बन्धी मौखिक प्रश्नहरूको उत्तर दिंदै उनले पुराना बक्यौता मुद्दा फछ्र्योट गर्न रणनीति बनाइ काम भइरहेको बताए । मन्त्री गुरुङले न्यायाधीशको नियुक्ति न्यायोचित ढङ्गबाट गर्ने कार्य भइरहेको बताउँदै भागबन्डाबाट नहुने उल्लेख गरे ।

जनतालाई छिटोछरितो र सहज ढङ्गले निष्पक्ष न्याय प्रदान गर्नका लागि सरकार लागिपरेको बताउँदै उनले न्याय सेवालाई प्रभावकारी बनाउन यही भदौ ११ गतेदेखि सर्वोच्च अदातलमा स्वचालित पेसी तारिख प्रणाली लागू भएको र आवश्यक पूर्वाधारको तयारी भइरहेकाले क्रमशः अन्य अदालतमा पनि लागू हुने जानकारी गराए ।

बैठकमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईले वर्तमान सरकारमा रहेका पार्टीहरूले निर्वाचनका बेला घोषणापत्रमा विज्ञान र प्रविधिका लागि गरेका वाचालाई कार्यान्वयन गर्न नेपाल सरकारले चालू आर्थिक वर्षको नीति कार्यक्रममा समावेश गरेको जानकारी गराए ।

आफ्नो मन्त्रालयसम्बन्धी मौखिक प्रश्नहरूको उत्तर दिंदै उनले अनिवार्य तथा निश्शुल्क शिक्षासम्बन्धी कानून अनुसार माध्यमिक तहसम्मको शिक्षा निश्शुल्क नै रहेको बताउँदै खोप विश्वविद्यालयसम्बन्धी विधेयक आवश्यक प्रक्रिया पुऱ्याए यथाशीघ्र सदनमा पेश हुने बताए ।

बैठकमा सांसदहरू प्रेम सुवाल र दिलेन्द्रप्रसाद बडूले प्रश्न गरेका थिए । आजको बैठकमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसम्बन्धी मौखिक प्रश्नहरूको सम्बन्धित मन्त्रीले उत्तर दिने कार्यसूची रहेको थियो । बैठकले 'केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८० माथि विचार गरियोस्' भन्ने प्रस्तावलाई सर्वसम्मतिले स्वीकृत गरेको छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# मधेसका मुद्दा मरेका छैनन् : अध्यक्ष ठाकुर

महोत्तरी, १८ भदौ/रासस

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका अध्यक्ष महन्त ठाकुरले मधेसका मुद्दा जिउँदै रहेको बताएका छन् ।

सोमवार महोत्तरीको बर्दिवासमा सम्पन्न लोसपाको मधेस प्रदेश समितिको विस्तारित बैठकलाई सम्बोधन गर्दै उनले पार्टी स्थापनाकालका ती मुद्दा जनतामाझ पुर्‍याउनुपर्ने उल्लेख गरे ।

"हामीले उठाएका कतिपय राजनीतिक मुद्दा आन्दोलनका बलमा स्थापित भएका छन्," अध्यक्ष ठाकुरले भने, "यद्यपि राज्यसत्ताबाट प्रताडित हुने क्रम रोकिएको छैन ।" अझै मधेस आन्दोलनताका खडा गरिएका झूटा मुद्दामा आफ्ना कार्यकर्ताले मुद्दा खेपिरहेका उनले बताए ।

कार्यक्रममा अध्यक्ष ठाकुरले अब लोसपा बस्तीबस्ती पसेर जनतालाई आन्दोलनका उपलब्धि र अझै लड्नुपर्ने अधिकारका बारेमा जागरूक बनाउन लाग्नुपर्ने उल्लेख गरे ।

आज बर्दिवासमा सम्पन्न बैठकमा पार्टीका शीर्ष नेताहरू राजेन्द्र महतो, शरत्सिंह भण्डारी र अनिलकुमार झासहितको उपस्थिति थियो ।

मधेस प्रदेश समितिको विस्तारित बैठकको मुख्य छलफलको विषय नै मधेस मुद्दा र मधेसमा दलको रणनीति बनाउनु रहेको दलका प्रदेश समिति अध्यक्ष जीतेन्द्र सोनलले जानकारी दिए ।

"हामी प्राप्त सफलता/असफलताको मिहीन तवरले विश्लेषण गरेर अघि बढ्दैछौं," अध्यक्ष सोनल भने, "यसक्रममा कामका दौरान भएका कमजोरी पहिचान गर्दै मधेस मुद्दालाई सूक्ष्म तवरले केलाउँदै आन्दोलनलाई थप उचाइमा पुर्‍याइने कार्यभार बनाएका छौं ।"

बैठकले अब सम्बोधन हुन बाँकी मधेसका मुद्दालाई फेरि जनतासँग जोडेर अघि बढ्ने दृढता जनाएको अध्यक्ष सोनलको भनाइ छ ।



पहिलो संविधानसभा निर्वाचन (२०६४) अघि मुलुकका विभिन्न मूलधारका दलबाट विद्रोह गर्दै महन्त ठाकुर, महेन्द्रराय यादव, सर्वेन्द्रनाथ शुक्ल, वृषेशचन्द्र लाललगायतका नेताले मधेस आन्दोलनको जगमा तराई–मधेस लोकतान्त्रिक पार्टी (तमलोपा) गठन गरेका थिए । समयक्रममा विभिन्न ठाउँमा जुट्दै फुट्दै त्यतिखेरको तमलोपाका मूल नेताहरू अहिले लोसपामा छन् ।

बैठकमा मुख्य बहस मधेस मुद्दा एवं मधेस केन्द्रित रणनीतिमा भएको अध्यक्ष सोनलले स्पष्ट पारे ।

यसबाहेक आधारभूत तहसम्म पार्टी सङ्गठन विस्तारको खाका, पार्टी सञ्चालनमा अर्थको महत्त्व र यसको व्यवस्थापन, पार्टी र सरकारबीचका सम्बन्ध र स्थानीय तह सम्बन्धित साङ्गठनिक योजनामा विस्तृत छलफल गरिएको सोनलले जानकारी दिए ।

# सुशासन, दिगो तथा समृद्धि सम्मेलन हुँदै

काठमाडौं, १८ भदौ/रासस

विभिन्न क्षेत्रका विज्ञको



तस्वीरः सौजन्य

सहभागितामा आगामी असोजमा 'सुशासन, दिगो विकास तथा समृद्धि' विषयक १०औं राष्ट्रिय सम्मेलन आयोजना हुने भएको छ ।

चैतन्य एकेडेमीद्वारा असोज १२ र १३ गते काभ्रेपलाञ्चोकमा सम्मेलनमा सञ्चालन हुने एकेडेमीका प्रमुख कार्यकारी अधिकृत गणेशप्रसाद जोशीले जानकारी दिए । सम्मेलनका सभाध्यक्ष एवं पूर्वमुख्य सचिव डा विमल कोइरालाले दुई दिने सम्मेलनले सरकारले लिएको चौतर्फी विकास तथा सन् २०३० सम्मका लागि लिइएको दिगो विकासको लक्ष्यलाई साकार तुल्याउन सहयोग पुर्‍याउनेमा विश्वास व्यक्त गरे ।

"सम्मेलनले नेपाली समाजमा व्याप्त निराशाबीच आशा जागरूम गर्ने विश्वास लिएका छौं । अर्कातर्फ शासन व्यवस्थामा सुधार गरेर लोकतन्त्रको लाभांश जनतासम्म कसरी पुर्‍याउने भन्ने सोचका साथ यो सम्मेलन आयोजना हुँदैछ," उनले भने ।

काभ्रेको धुलिखेलस्थित आगन्तुक रिसोर्टमा सञ्चालन हुने उक्त सम्मेलनमा अर्थव्यवस्था, राजनीतिज्ञ, शिक्षा र स्वास्थ्य, सांस्कृतिक र शासकीयलगायत सम्बन्धित क्षेत्रका विज्ञको सहभागिता हुनेछ । सम्मेलनले नेपालको चौतर्फी रूपान्तरणसँग सम्बन्धित आयाम पहिचान गर्ने उनको भनाइ छ एकेडेमीका प्रमुख कार्यकारी अधिकृत जोशीले नागरिक र निजी संस्था समृद्धिको संवाहक बन्न सक्छ भन्ने आत्मबोध गराउने सम्मेलनको उद्देश्य भएको बताए ।

एकेडेमीले समाज र देशप्रतिको उत्तरदायित्व वहन गर्दै एउटा सामाजिक अभियानका रूपमा सन् २०१४ देखि हरेक वर्ष वर्षको एकपटक राष्ट्रियस्तरको सम्मेलन आयोजना गर्दै आएको उनले बताए ।



नेवाः खल कास्की र पोखरा महानगरपालिकाको संरक्षकत्वमा पोखरामा २३ वर्षपछि सोमवार निकालिएको ऐतिहासिक बाघजात्रामा राजारानी, प्रधानसेनापतिलगायतको भेषमा कलाकारहरू । तस्वीरः रासस

# चिकित्सा शिक्षा ऐन संशोधनको माग

काठमाडौं, १८ भदौ/रासस

चिकित्सा शिक्षा सरोकार सङ्घर्ष समितिले चिकित्सा शिक्षा ऐन संशोधनको माग राख्दै शुरू गरेको तेस्रो चरणको धर्ना २४औं दिनमा पुगेको छ ।

ऐनमा भएका कतिपय व्यवस्था विभेदकारी रहेको दाबी गर्दै माइतीघरमा शुरू भएको धर्ना अझै पनि सहमतिमा पुग्न नसकेको सङ्घर्ष समितिका संयोजक निर्मल सापकोटाको भनाइ छ ।

"हाम्रा मागबारे सरकारसँग पटक–पटक छलफल भएको छ तर सहमति हुन सकेको छैन," उनले भने । उनले विसं २०७७ देखि आफ्ना माग चिकित्सा शिक्षा आयोग, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (सिटिइभिटी), स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयमा राख्दा पनि सम्बोधन नभएकाले धर्नामा बस्न बाध्य भएको बताए ।

सङ्घर्ष समितिले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ कार्यान्वयनमा आलटाल भएको, ऐनमा भएका व्यवस्थाको गलत व्याख्या गरिएको तथा ऐनका कतिपय व्यवस्था उल्लङ्घन गरिएकाले चिकित्सा शिक्षा अध्यापन गराउने शिक्षण संस्थामा मारमा परेको समितिको दाबी छ ।

समितिले सिटिइभिटी पुनर्संरचना, प्रि–डिप्लोमा तहका स्वास्थ्य कार्यक्रम स्तरोन्नति, नर्सिङ कलेजमा तत्काल भर्ना खोल्नुपर्ने, कलेज बन्द हुँदा रोजगार खोसिएका पेशाकर्मी तथा कर्मचारीको रोजगारको निश्चितता गर्नुपर्ने, छात्रवृत्तिमा भइरहेको विभेद अन्त्यलगायत १४ वटा माग सरकारसमक्ष राखेको छ ।

चिकित्सा शिक्षा ऐन र नियमावलीमा


तस्वीरः फाइल

व्यवस्था नभएको प्रमाणपत्र र स्नातक तहका कार्यक्रम एउटै शिक्षालयमा सञ्चालन गर्न नपाउने आन्तरिक कार्यविधि अव्यावहारिक रहेको सङ्घर्ष समितिका व्यवस्थापक पशुपति मरहट्टाको दाबी छ ।

उनले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग भेट गरी समितिले राखेका मागबारे जानकारी गराएको बताए । सो अवसरमा प्रधानमन्त्री प्रचण्डले माग सम्बोधनमा सरकार गम्भीर रहेको प्रतिक्रिया दिएको उनको भनाइ छ । "प्रधानमन्त्रीले आन्दोलन फिर्ता लिन आग्रह गर्दै माग सम्बोधन गर्न सरकार तयार रहेको बताउनुभएको छ," उनले भने, "प्रधानमन्त्रीसँगको भेटपछि धर्ना समय एक घण्टा घटाइएको छ ।"

यद्यपि आफ्ना माग ठोस रूपमा माग सम्बोधन नभएसम्म आन्दोलन जारी रहने उनको भनाइ छ । उनले एक सातासम्म पनि माग सम्बोधन नभए कडा आन्दोलन गर्न समिति बाध्य हुने बताए ।

समितिले स्नातक तहमा स्वास्थ्य विज्ञानका सबै कार्यक्रममा औसतमा भर्ना क्षमताको २० प्रतिशतमा सीमित गराइएको, प्रि–डिप्लो, डिप्लोमा र स्नातक तहमा गरी एक हजार ३३६ विद्यार्थीलाई छात्रवृत्तिको अवसरबाट वञ्चित गराएको दाबी गरेको छ ।

चिकित्सा शिक्षा आयोगले तोकेको शुल्कको आधारमा औसत शुल्कप्रति विद्यार्थी रु पाँच लाख ४३ हजारको दरले वार्षिक रु ७२ करोड ५४ लाख ४८ हजार बराबरको छात्रवृत्ति खेर गएको र नर्सिङ विषयतर्फ तीन हजार ४८० भर्ना क्षमतामा कमी आएको समितिको भनाइ छ ।

# तीनै तहका कर्मचारीलाई सम्बोधन गर्न सङ्गठनको प्रस्ताव

काठमाडौं, १८ भदौ/

एकीकृत सरकारी कर्मचारी सङ्गठन, केन्दीय कार्यसमितिले सरकारी सरकारी कर्मचारीको परिभाषामा तीनै तहका कार्यरत कर्मचारीलाई सम्बोधन गर्न माग गरेको हो ।

गर्नका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहने गरी प्रदेश सरकारद्वारा विभागीय



एकीकृत सरकारी कर्मचारी सङ्गठन नेपालले दोस्रो पूर्ण बैठकका निर्णय सार्वजनिक गर्न सोमवार अनामनगरमा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिँदै सण्ठनका अध्यक्ष गगन सिंह विष्ट । तस्वीरः रासस

कर्मचारीको परिभाषामा तीनै तहका कर्मचारीलाई सम्बोधन गर्न विशेष प्रस्ताव गरेको छ ।

केन्द्रीय कार्यसमितिको सोमवार बसेको दोस्रो बैठकले कर्मचारी समायोजन ऐन, २०७५ मा व्यवस्था भएबमोजिम स्थानीय तहका लागि विज्ञापन भई लोकसेवा आयोगको सिफारिशमा नियुक्त भएका कर्मचारी एवं तीन तहका सरकारमा समायोजन भएका कर्मचारीको भावनालाई सम्बोधन गर्न प्रस्तावित सङ्घीय निजामती सेवा ऐनमा

सङ्गठनले सरकारी सेवालाई तहगत प्रणालीलाई रूपान्तरण गर्न, शाखा अधिकृत पदमा आन्तरिक प्रतिस्पर्धाको थप व्यवस्था गरी साबिक बढुवाको व्यवस्थालाई कायम राख्न, सरुवा प्रणालीलाई वैज्ञानिक, स्वचालित, चक्रीय र अनुमानयोग्य बनाइ शुरू पदस्थापनासँगै दुई अवधिका सरुवा तोक्नुपर्ने गरी ऐनमा व्यवस्था गर्न माग राखेका छन् ।

त्यस्तै, बैठकमा संविधानप्रदत्त सार्वजनिक प्रशासनको नीतिगत नेतृत्व मन्त्रीको व्यवस्था गर्न, तीनै तहको सरकारमा ट्रेड युनियन अधिकार सहजरूपमा अभ्यास गर्नका लागि आधिकारिक ट्रेड युनियनसम्बन्धी छाता ऐनको व्यवस्था गर्न, निश्चित सेवा अवधि पुगेका अस्थायी महिला कर्मचारीलाई समेत प्रसूतिको समय पूर्व र पश्चात् अन्तर्राष्ट्रिय मापदण्डअनुरूप बिदाको व्यवस्था गर्न, पुरस्कार र दण्डलाई वैज्ञानिक र सबैको पहुँचयोग्य बनाउनुपर्ने लगायतका कुल ७७ वटा विशेष प्रस्ताव गरेको छ ।

# भारी वर्षाको सम्भावना

काठमाडौं, १८ भदौ/रासस

हाल मनसुनको न्यून चापीय रेखा सरदर स्थानको उत्तरतिर अवस्थित छ । साथै बङ्गालको खाडीको उत्तर पूर्वी भागमा विकसित न्यून चापीय प्रणालीको समेत आंशिक प्रभाव रहेकोले देशका धेरैजसो स्थानमा वर्षा भइरहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले

(बाँकी चौथो पातामा)


तस्वीरः फाइल

# सङ्घीयताविरोधीले गौर घटनालाई मलजल दिंदै –पूर्वमुख्यमन्त्री गट्टी

प्रस, वीरगंज, १८ भदौ/

मधेस प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबू राउत गट्टीले सङ्घीयताविरोधी तत्त्वले गौर घटनालाई मलजल गरेको आरोप लगाएका छन्।

जनता समाजवादी पार्टी नेपाल, पर्साको सोमवार सम्पन्न विस्तारित बैठकमा प्रमुख अतिथि पूर्वमुख्यमन्त्री गट्टीले गौर घटनालाई मलजल गर्ने कार्य भइरहेको र यसतर्फ पार्टी गम्भीर भएको बताए। उनले गौर घटना बिउँताउने काम सङ्घीयतामाथिको प्रहार भएको बताए।

जसपा मधेस प्रदेशका अध्यक्ष रामबाबूकुमार यादवले १७ वर्ष पहिले घटित घटनालाई लिएर सरकारले पीडितहरूसँग सम्झौता गरेकोमा आपत्ति व्यक्त गरे।

जसपा पर्साका अध्यक्ष रामनरेश यादवको अध्यक्षतामा भएको बैठकमा जसपाका नेताहरू बालकिशोर यादव, सुरेन्द्र कुर्मी, फिरोज मन्सुर, रेखा साह, वीरेन्द्र यादव, बृजमोहन तिवारी, सुशील यादवलगायतले गौर घटनाको विषयमा आक्रोश व्यक्त गरेका थिए।

कार्यक्रममा जिल्ला इन्चार्ज अवधभूषण यादव, सहइन्चार्ज दीपक यादव, धोबिनी गापाका अध्यक्ष मदन चौहान, मौलाना नुरुल होदा, नरेन्द्र हजरा, एजाजबाबू राकीलगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा अजय चौरसियाले स्वागत र तबरेज अहमदले सहजीकरण गरेका थिए।



तस्वीरः प्रतीक

## वीरगंजका युवक ...

उनले बताए।

विषादीयुक्त तरकारी र फलफूल बजारमा बिक्री वितरण हुँदा सर्वसाधारणको स्वास्थ्यमा प्रतिकूल असर परिरहेको हुनाले आफ्नो फर्मको उत्पादन थोरै भएपनि अर्गानिक हुने र पहिचान बनाउनको लागि केही फरक काम गर्ने योजनाका साथ अघि बढेको उनको भनाइ छ।

"बजारका सबै सामानमा मिसावट हुन्छ, त्यसले मानिसको स्वास्थ्यमा दिगो असर पारिरहेको छ," उनले भने, "एकपटक मेरो फर्मको उत्पादन कसैले किनेर उपभोग्य गरेमा खोजीखोजी मकहाँ आओस्, त्यस अनुसार ब्रान्डिङ गर्दैछु।"

उनले आफ्नो उत्पादनमा कुनै सौदाबाजी नहुने र शुद्ध अर्गानिक उत्पादन गर्ने प्रतिबद्धता रहने बताए।

फर्म सञ्चालनमा ल्याएपछि दुईजनाले रोजगार पाएको र उनी पनि फर्ममा दिनकै १२ घण्टा खट्ने गरेको बताए।

पढेर पनि स्वदेशमा युवालाई रोजगार नपाउनाले लाखौं युवा विदेश पलायन भइरहेको अवस्थामा परिवारको सामुन्ने बसेर मिहिनेत गर्दा अवश्य सफलता हासिल गर्न सकिन्छ भन्ने सोचका साथ अर्गानिक कृषि फर्मको व्यवसायमा लगानी गरेको उनको दृढ सङ्कल्प छ।

# साढे नौ किलो चरेससहित युवक पक्राउ

प्रस, भिस्वा, १८ भदौ/

भारतीय सीमा सुरक्षा बल (एसएसबी)ले साढे नौ किलो चरेससहित एकजना नेपाली युवकलाई पक्राउ गरेको छ।

एसएसबीले सोमवार जारी गरेको सूचना अनुसार हिजो सिकटा रेलवे क्रसिङबाट एउटा मोटरसाइकल नियन्त्रणमा लिएको र चेकजाँचको क्रममा सो मोटरसाइकलको ट्याङ्कीमा फिटिङ गरिएको अवस्थामा साढे नौ किलो चरेस बरामद भएको जनाइएको छ। एसएसबीको ४७औं बटालियनका कमान्डर विकाश कुमारको सूचनाको आधारमा सो क्षेत्रमा चेकजाँच गर्दा एकजना मोटरसाइकल छाडेर भाग्दा समातिएका र मोटरसाइकलको ट्ङ्कीमा फिटिङ गरिएको साढे नौ किलो चरेस बरामद भएको सिकटा एसएसबीका सहायक सेना नायक अचिंत्य बङ्गालले बताए। सिकटा थानाध्यक्ष रमेशकुमार महतोले एसएसबीको उजूरीका आधारमा पक्राउ परेका ३० वर्षीय युवक प्रेमी साह कानूलाई जेल चलान गरिएको छ। कानू पर्सा जिल्ला छिपहरमाई गापाको बुडगाई निवासी भएको एसएसबीले जनाएको छ।


तस्वीर सौजन्यः जिप्रका पर्सा

## भारी वर्षाको सम्भावना ...

जनाएको छ।

अहिले गण्डकी र लुम्बिनी प्रदेशमा सामान्य बदली रही बाँकी भूभागमा आंशिकदेखि सामान्य बदली रहेको र ती प्रदेशका थोरै स्थानमा मेघ गर्जन र चट्याङसहित हल्कादेखि मध्यम वर्षा भइरहेको छ।

दिउँसो देशभर आंशिकदेखि सामान्य बदली रहने छ। कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका केही स्थान तथा बाँकी भूभागका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ। कोशी, मधेस, बागमती र लुम्बिनी प्रदेशका एक–दुई स्थानमा मेघ गर्जन र चट्याङसहित भारी वर्षाको समेत सम्भावना रहेको छ। काठमाडौं उपत्यकामा बिहानैदेखि बदली रहेको छ। दिउँसोतिर वर्षाको सम्भावना रहेको छ।

# जबजरस्ती करणीको आरोपमा कार्यालय प्रमुख पक्राउ


चितवन, १८ भदौ/रासस

जबजरस्ती करणीको आरोपमा तथ्याङ्क कार्यालय, चितवनका प्रमुख यज्ञमूर्ति भण्डारी पक्राउ परेका छन्। तीन वर्षयता कार्यालयमा कार्यरत महिलालाई यौनशोषण गरेको अभियोगमा उनलाई पक्राउ गरिएको हो।

जिल्ला प्रहरी कार्यालय, चितवनका प्रमुख प्रहरी उपरीक्षक रामेश्वर कार्कीका अनुसार ती महिलालाई जबजरस्ती करणी गरेको अभियोगमा पक्राउ गरिएको हो। पीडितका भाइले किटानी जाहेरी दिएपछि उनलाई पक्राउ गरिएको हो। जिल्ला अदालत चितवनमा सोमवार मिति थप गरी अनुसन्धान अघि बढाइएको छ।

गत वैशाख १२ गतेदेखि नै महीनावारी रोकिएको र चार महीना नाघेको गर्भपतन गराउँदा महिलाको अवस्था गम्भीर भएपछि घटना बाहिर आएको हो। ती महिलाको अहिले भरतपुर अस्पतालको सघन उपचार कक्षमा उपचार भइरहेको छ।

स्थानीय क्लिनिकमा गर्भपतनका क्रममा अत्यधिक रक्तस्राव भएपछि थप उपचारका लागि भरतपुर अस्पताल लगिएको हो। अस्पतालमा क्लिनिककै चिकित्सकले पुऱ्याएपछि आफन्त नआउँदा सोधखोज गर्ने क्रममा घटनाको वास्तविकता बाहिर आएको हो। नवलपरासीको सुनवल नगरपालिका–१२ निवासी ४४ वर्षीय भण्डारी अधिकृतस्तरका कर्मचारी हुन्।


**कृत्रिम झरना** : दाङको दङ्गीशरण गाउँपालिका वडा नं ३ चखौरास्थित थारु सांस्कतिक सङ्ग्रहालयमा निर्माण गरिएको कृत्रिम झरना। तस्वीरः रासस

## फरक समाचार

# पिउने तरीका नजान्दा दूधबाट बेफाइदा

हामीले सानैदेखि सुन्दै आएका छौं कि दूध पिएमा स्वस्थ हुन्छौं। तर आजकल सामाजिक सञ्जालमा दूध पिउनुका हानिबारेमा निकै चर्चा चलिरहेको छ। यस्तो अवस्थामा दूध पिउने कि नपिउने भन्नेमा मानिसमा धेरै अन्योल छ।

दूध पिउने सही तरीका के हो त्यसबारे जानौं।

**दूध पिउने कि नपिउने ?**

यसको जवाफ हो दूध पक्कै पिउनुपर्छ। दूधका धेरै फाइदा छन्, जसले शरीरिक विकासमा मदत गर्छ। दूध पिउनु तब मात्र हानिकारक हुन्छ, जब यसबाट एलर्जी वा अत्यधिक मात्रामा खाँदा। दूधलाई सम्पूर्ण आहार मानिन्छ। यसमा प्रोटिनदेखि भिटामिनसम्म प्रायः सबै पोषक तत्त्व हुन्छन्। जस्तो दिमाग तेजिलो हुन्छ, कपाल बलियो हुन्छ, तनाव र अवसाद कम गर्न मदत गर्छ। रक्तचाप नियन्त्रणमा राख्छ। राम्रो निद्रा लाग्छ। मधुमेहको जोखिम कम हुन्छ। मुटुरोगको जोखिम कम हुन्छ। दाँत बलियो हुन्छ। हड्डी र मांसपेशी पनि बलियो हुन्छ।



दूध पिउनुका केही बेफाइदाहरू पनि छन्। दूधमा ल्याक्टोज हुन्छ, जसले कहिलेकाहीं पाचन बिग्रन्छ, जसका कारण कसैलाई पखाला लाग्ने, ग्याँसको समस्या हुन सक्छ, कसैलाई एलर्जी पनि हुन्छ। यस्तो अवस्थामा प्रतिरक्षा प्रणाली कमजोर हुन सक्छ। यसले हिपको हड्डी कमजोर हुन सक्छ, धेरै दूध पिउनाले अनुहारमा डन्डीफोरको समस्या हुन सक्छ। दूधको मात्रालाई ध्यानमा राखेर पिउने हो भने स्वास्थ्यका लागि फाइदाजनक हुन्छ।

**दूधको मात्रा कति हुनुपर्छ ?**

दूधको मात्रा व्यक्तिको उमेर, तौल, आहार, उचाइ र शरीरको आवश्यकतामा निर्भर गर्छ। एक स्वस्थ व्यक्तिले १५० देखि २०० एमएल दूध पिउनुपर्छ। यदि तौल कम छ भने दूध बढी पिउनुपर्छ। धेरै तौल भएपनि दूध पिउन सकिन्छ। तर यदि तपाईं तौल घटाउने सोचमा हुनुहुन्छ भने तपाईंले दूधको साटो बटर मिल्क वा दही प्रयोग गर्न सक्नुहुन्छ। धेरै दूध पिउनाले पाचन बिग्रन्छ। यसले बान्ता, खुकुलो दिसा वा पखाला जस्ता साइड इफेक्टहरू निम्त्याउन सक्छ। धेरैलाई राति दूध पिएर सुत्ने बानी हुन्छ, यस्तो अवस्थामा सुत्नुभन्दा एक घण्टा अगाडि दूध पिउनुपर्छ। यसो गर्नाले पाचन प्रणालीमा सुधार हुन्छ र केही रोगबाट आराम मिल्छ। राति सुत्दा मनतातो दूधमा एक चिम्टी बेसार मिसाएर पिउनाले बढी फाइदा हुन्छ।

# अमेरिकामा टूथपेस्ट, चकलेटमा किन तालाबन्दी

टूथपेस्ट, चकलेट, वाशिङ पाउडर र डिओडोरेन्ट जस्ता वस्तुहरू अमेरिकाका ठूला खुद्रा पसलहरूमा बन्द राखिएका छन्। अब प्रश्न उठ्न छ कि यी वस्तुहरू बन्द गर्नुका कारण के हो ?

अहिले अमेरिकामा स्टोरहरूमा चोरी धेरै बढेको छ। यसको मुख्य कारण जीवनयापनको लागतमा मूल्यवृद्धि हो। बढ्दो मूल्यवृद्धिका कारण मानिसहरू चोरी गर्न थालेका छन्।

एएफपी रिपोर्टका अनुसार अहिले ग्राहकहरू पसलहरूमा जान डराइरहेका छन्। अमेरिकामा पनि सङ्गठित गिरोहमार्फत पसलमा चोरी हुने गरेको छ। वालमार्ट र टार्गेटजस्ता अमेरिकी खुद्रा विक्रेताहरू, औषधिका ठूला कम्पनीहरू सिभिएस र वालग्रीन्स्जस्ता ठूला खुद्रा आउटलेट्सले पसलहरूमा हुने चोरी र हिंसाका बारेमा चिन्ता व्यक्त गरेका छन्। जसका कारण आम्दानीमा समेत असर परेको उनीहरूको भनाइ छ।

**खुद्रा पसलहरूले के भने ?**

वास्तवमा खुद्रा आउटलेटहरूमा त्यहाँ ग्राहकरूले वस्तुहरू आफैं उठाएर आफ्नो टोकरीमा राख्ने गर्छन्। त्यहाँ मानिसहरूलाई मदत गर्न सेल्सम्यानहरू हुन्छन्, तर मानिसहरू आफैंले आफूलाई चाहिने वस्तुहरू छनोट गर्छन् र तिनीहरूलाई सपिङ कार्टमा राख्छन्। तर यसका कारण चोरीको सम्भावना पनि बढेको छ। यस वर्षको पहिलो पाँच महिनामा हाम्रा स्टोरहरूमा चोरीका घटनाहरू १२० प्रतिशतले बढेको टार्गेटका सिइओ ब्रायन कर्नवेलले बताए। यो क्रम जारी रह्यो भने लामो समय पसल चलाउन गाऱ्हो हुने उनको भनाइ छ।



**९४.५ अर्ब डलरको चोरी**

नेशनल रिटेल फेडरेशन रिटेल सेक्युरिटी सर्भे २०२२ अनुसार सन् २०२१ मा अमेरिकी खुद्रा पसलहरूलाई ९४.५ अर्ब डलर नोक्सानी भएको छ। कर्मचारीद्वारा पसलमा गरिएको चोरी, पसलमा हुने चोरी र कर्मचारीका गडबडी, यी प्रमुख कारण हुन्, जसले खुद्रा व्यापारीले ठूलो घाटा बेहोर्नुपरेको छ। सर्वेक्षणमा सन् २०२१ मा पसलहरूमा सङ्गठित चोरी २६.५ प्रतिशतले बढेको पाइएको थियो। यस सर्वेक्षणमा संलग्न अधिकांशले कोरोना महामारीपछि चोरीका घटना बढेको बताएका छन्।

**हिंसा र चोरीका कारण के हो ?**

अमेरिकामा बढ्दो महँगीलाई ध्यानमा राख्दै अमेरिकी सङ्घीय अनुसन्धानले ब्याजदर निरन्तर बढाएको छ। कुनै समय शून्यको वरिपरि रहेको ब्याजदर पछिल्लो १८ महिनामा ५.५ प्रतिशतले बढेको छ। यो पछिल्लो २२ वर्षमा उच्च हो। बढेको ब्याजदरका कारण कर्जा लिन मात्रै मुश्किल परेको छैन, बजारमा आफूलाई फैलाउन पनि कम्पनीका लागि चुनौतीपूर्ण बन्दै गएको छ। जनताले महँगीको प्रत्यक्ष असर महसूस गरिरहेको छ। जसका कारण कतिपयले चोरी र हिंसाको सहारा लिन थालेका छन्।

**चोरी रोक्न के कदम चालियो ?**

चोरीका घटना बढ्न नदिन पसलमा पारदर्शी भित्ता लगाउने काम भइरहेको छ। सामानहरू पारदर्शी सेल्फभित्र राखिएका छन्। मानिसहरूले सामान हेर्न सक्छन्, तर सेल्फहरू बन्द भएकाले बाहिर निकाल्न सक्दैनन्।

फ्रिजहरूमा पनि ताला लगाइएका छन्। कतिपय ठाउँमा तख्ताको छेउमा अलार्म बटन जडान गरिएका छन्। यदि ग्राहकलाई केही चाहिन्छ भने उसले अलार्म बटन थिचेर सेल्सम्यानलाई कल गर्न सक्छन्। यसैबीच, चोरी बढेको र नाफा घट्दै गएकोले केही पसल बन्द भएका छन्।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# चीनसँग फलदायी वार्ता भएको आइएमएफ प्रमुखको भनाइ

बेइजिङ, १८ भदौ/एएफपी

अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) की प्रमुखले सोमवार चीनको भ्रमण सम्पन्न गर्ने क्रममा चीनका उच्च अधिकारीसँग भएको 'फलदायी र ठोस' वार्ताको प्रशंसा गरेकी छन् ।

महामारीबाट समग्र विश्वव्यापी आर्थिक पुनरुत्थान सुस्त भइरहेको र यस वर्ष विश्वव्यापी आर्थिक वृद्धिको लागि आप्,नो दृष्टिकोणमा केही सुधार गरिएको आइएमएफले जुलाईमा जानकारी गराएको थियो ।

विश्वको दोस्रो ठूलो अर्थतन्त्र चीनमा आइएमएफले सन् २०२३ मा ५.२ प्रतिशतले आर्थिक वृद्धि हुने प्रक्षेपण गरेको छ । हालैका महीनाहरूमा कमजोर उपभोक्ता माग, उच्च युवा बेरोजगारी र महत्त्वपूर्ण सम्पत्ति क्षेत्रको सङ्कटले कोभिड-१९ पछि कमजोर अवस्थामा पुगेको आर्थिक वृद्धि दरमा थप वृद्धि भएको आइएमएफले जनाएको छ ।

अन्तर्राष्ट्रिय मुद्रा कोषकी प्रबन्ध निर्देशक क्रिस्टालिना जर्जिएभाले प्रधानमन्त्री ली खछ्याङ, उपप्रधानमन्त्री हे लिफेङ, केन्द्रीय बैंकका गभर्नर पान गोङसेङ र अर्थमन्त्री लिउ कुनलगायत चिनियाँ नेतृत्वसँग निकै फलदायी र ठोस छलफल भएको बताइन् ।

समूहले 'विश्व अर्थतन्त्रको अवस्था र यहाँ चीनमा भएका घटनाक्रमबारे' कुरा गरेको जर्जिएभाले सामाजिक सञ्जाल 'एक्स'मा पोस्ट गरिएको एक



तस्वीरः फाइल

भिडियोमा बताएका छन् ।

बुल्गेरियाली अर्थशास्त्री जर्जिएभालले भने-"हामीले चीन सरकारले (वृद्धि) लक्ष्यलाई अगाडि बढाउन चालेका कदमहरूबारे कुरा गर्‍यौं । यो लक्ष्य 'चीनका लागि र समग्र विश्वका लागि महत्त्वपूर्ण' थियो ।"

उनले भने-"कोभिड र युद्धको झटकाको प्रभावबाट धेरै देश असुरक्षित भएको विश्वमा आइएमएफसँग उनीहरूलाई सहयोग गर्न वित्तीय शक्ति हुनु महत्त्वपूर्ण छ ।

उनले भने-"विश्वव्यापी वित्तीय सुरक्षाको केन्द्रमा आइएमएफको भूमिकालाई मान्यता दिएकोमा म चीनप्रति आभारी छु ।"

जर्जिएभाले साङ्घाईका मेयर र ब्रजीलका पूर्वराष्ट्रपति डिल्मा रूसेफलाई पनि भेटेको बताए ।

आइएमएफ प्रमुखले मार्चमा चीनका नीति निर्माताहरूलाई उत्पादकत्व बढाउन र अर्थ व्यवस्थालाई लगानीबाट टाढा राख्न र अधिक टिकाउ उपभोग-आधारित वृद्धिको दिशामा पुनः सन्तुलित गर्न आग्रह गरेका थिए । रासस

# रेजनिकोभ युक्रेनी रक्षामन्त्रीबाट बर्खास्त, नयाँ जिम्मेवारी उमरोभलाई

कीभ, १८ भदौ/एएफपी

रूससँग युद्ध १९औं महीनामा प्रवेश गरिरहँदा युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले युद्धकालका ओलेक्सी रेजनिकोभलाई पदबाट बर्खास्त गर्दै रूस्टेम उमरोभलाई देशको नयाँ रक्षामन्त्री मनोनीत गरेका छन् ।

सन् २०२२ को फेब्रुअरी २४ मा रूस-युक्रेन युद्ध शुरू भएदेखि नै युक्रेनका लागि रेजनिकोभ एक चर्चित व्यक्तित्व बनेका थिए ।

यो अवधिमा रूस-युक्रेन युद्धले धेरै मानिसको ज्यान लिइसकेको छ र अहिले पनि दुई देशबीच युद्ध जारी छ । जेलेन्स्कीले युक्रेनका पूर्व 'पिपल्स डेपुटी' रूस्टेम उमरोभलाई नयाँ रक्षामन्त्री मनोनीत गरेको आफ्नो सामाजिक सञ्जाल अकाउन्ट एक्समा पोस्ट गरेको भिडियोमा उल्लेख गरिएको छ ।

"अब रूस्तम उमरोभले मन्त्रालयको नेतृत्व गर्नुपर्छ । युक्रेनको भर्खोवना राडा (विधायिका)ले यी व्यक्तिलाई राम्ररी चिनेको छ, र उमरोभलाई कुनै थप परिचयको आवश्यकता छैन"-जेलेन्स्कीले भनेका छन् । "म आशा गर्दछु संसद्ले यी उम्मेदवारलाई समर्थन गर्नेछ"-उनले भने ।

यसअघि युक्रेनका राष्ट्रपति जेलेन्स्कीले रक्षामन्त्री ओलेक्सी रेजनिकोभलाई बर्खास्त गरेको जानकारी गराउँदै भिडियोमा भनेका छन्-"मैले युक्रेनको रक्षामन्त्रीलाई हटाउने निर्णय गरेको छु । रेजनिकोभले ५५० दिनभन्दा बढी पूर्ण युद्ध भोग्नुभएको छ । मन्त्रालयलाई नयाँ दृष्टिकोण र सेना र समाज दुवैसँग अन्तर्क्रियाको अन्य ढाँचाको आवश्यकता छ ।"

सिएनएनका अनुसार युक्रेनको रक्षा मन्त्रालय धेरै भ्रष्टाचार घोटालामा मुछिंदा पनि रेजनिकोभलाई कुनै घटनामा मुछिएको छैन, तर यी स्क्यान्डलहरूले उनलाई अझै पनि सङ्घद्वारा क्षति पुर्‍याएको देखिएको छ ।

जेलेन्स्कीले युक्रेनको सरकारमा व्याप्त भ्रष्टाचारलाई जरैदेखि उखेलेर फ्याँक्नु नेटो र युरोपियन युनियनमा लामो समयदेखि प्रतीक्षित सदस्यता प्राप्त गर्ने कीभको सम्भावनाका लागि महत्त्वपूर्ण रहेको बताएका छन् । युक्रेनका राष्ट्रपतिले आफ्नो चुनावी अभियानमा आन्तरिक कलहलाई मुख्य मुद्दा बनाएका छन् ।

सिएनएनका अनुसार शनिवार युक्रेनका सबैभन्दा शक्तिशाली कुलीन वर्ग र जेलेन्स्कीका एक प्रमुख समर्थक इहोर कोलोमोइस्कीलाई ठगी अनुसन्धानको क्रममा पक्राउ गरिएको थियो । कीभको एक अदालतले कोलोमोइस्कीलाई ६० दिनको पूर्व-परीक्षण हिरासतमा राख्न आदेश दिएको छ ।

यसैबीच, अधिकारीहरू उनीविरुद्ध ठगी आरोपमा अनुसन्धान गरिरहेका छन् । सबैभन्दा शक्तिशाली कुलीन वर्गमध्ये एक, कोलोमोइस्कीको सञ्चार र बैंकिङ व्यवसायले उनलाई युक्रेनको सबैभन्दा धनी व्यक्तिहरूमध्ये एक बनाएको छ । रासस

# नासाको स्पेसएक्स क्रू-६ छ महीनापछि पृथ्वीमा फर्कियो

लस एन्जलस, १८ भदौ/सिन्ह्वा

अमेरिकाको राष्ट्रिय हवाई यातायात तथा अन्तरिक्ष प्रशासन (नासा) ले स्पेसएक्स ड्रागन अन्तरिक्षयानमा सवार आफ्नो स्पेसएक्स क्रू-६ का अन्तरिक्ष यात्रीहरू सोमवार बिहानै दक्षिणपूर्वी अमेरिकी राज्य फ्लोरिडाको तटीय क्षेत्रमा सुरक्षित अवतरण गरेको जनाएको छ ।

नासाका अन्तरिक्ष यात्री स्टेफन बोवेन र वुडी होबर्ग, संयुक्त अरब इमिरेट्स (युएई) का अन्तरिक्ष यात्री सुल्तान अल नेयादी र रूसको राष्ट्रिय अन्तरिक्ष निगमका अन्तरिक्ष यात्री आन्द्रे फेद्याएभसहित चार सदस्यीय अन्तर्राष्ट्रिय चालक दल फ्लोरिडाको तटमा सोमवार राति १२:१७ बजे प्यारासुटको सहयोगमा पृथ्वीमा सकुशल अवतरण गरेको हो ।

अन्तरिक्षयान अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्र (आइएसएस) बाट ग्रीनविच समय अनुसार आइतवार ११:०५ मा छुटेको थियो ।

मार्च २ मा फ्लोरिडास्थित नासाको केनेडी स्पेस सेन्टरबाट प्रक्षेपण गरिएको यो मिसन अर्को दिन आइएसएसमा जोडिएको थियो ।

चालक दलका सदस्यहरू छ महीनादेखि आइएसएसमा बसेर काम गरिरहेका थिए ।

नासाका अनुसार मिशनको क्रममा चालक दलले पृथ्वीको तल्लो कक्षभन्दा बाहिर अन्वेषणका लागि तयारी गर्न र पृथ्वीमा जीवनलाई फाइदा पुर्‍याउन सयौं प्रयोग र प्रविधि प्रदर्शनहरूमा योगदान पुर्‍याएका थिए । रासस

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**जुट** : सुनसरीको इनरुवा-९ मा केलाएर तयार भएको जुट बिक्रीका लागि लैजाने तयारी गर्दै किसान । स्थानीय बजारमा जुट प्रतिकिलो रु ५५ मा बिक्री भइरहेको किसान बताउँछन् । तस्वीरः रासस

# मलाई कथाले आकर्षित गर्छ -अभिनेत्री कोइराला

काठमाडौं, १८ भदौ/रासस

अभिनेत्री मनीषा कोइराला नेपाली चलचित्रमा नदेखिएको लामो समय भइसकेको छ । नेपाली चलचित्र 'धर्मा'मा अभिनय गरेकी अभिनेत्री कोइराला भारतीय चलचित्र र शृङ्खलामैं व्यस्त छिन् । उनले हालै सम्पन्न एक छलफलमा नेपाली चलचित्रको विषयवस्तुले आकर्षण गरेमा अभिनय गर्ने बताइन् ।

"नेपाली चलचित्रमा काम गर्ने इच्छा नभएको होइन । तर समय र परिस्थिति मिलेको छैन । राम्रो कथाले मलाई पक्कै आकर्षित गर्छ," अभिनेत्री कोइरालाले भनिन् । उनले चलचित्रको कथा माटो सुहाउँदो हुनुपर्नेमा जोड दिइन् । पछिल्लो समय नेपाली चलचित्र र शृङ्खला जोडिन चाहिरहेको 'ओभर दी टप' (ओटिटी)मा स्थानीय कथा नै खोजिने उनले बताइन् ।

"मैले ओटिटीमा समेत काम गरेकी छु । त्यो माध्यमले विश्वभरका दर्शकलाई सुविधा दिन्छ । ओटिटीका सञ्चालक जुन देशको कथा हो, त्यहाँको माटोसँग जोडिनुपर्छ भन्छन्," अभिनेत्री कोइरालाले भनिन्, "अन्तर्राष्ट्रियस्तरमा यदि नेपालको कथा भनेको हो भने यहाँको संस्कृति कस्तो छ, जीवन कस्तो छ भनेर हेर्न चाहन्छन् दर्शक । त्यसैले देशको माटो सुहाउँदो चलचित्र बनाउन जरुरी छ ।"

उनले आफूले अभिनयको सुरुआत


तस्वीरः सौजन्य

गरेको समय ९० को दशकमा अवास्तविक प्रस्तुति रुचाइने भएपनि अहिले वास्तविकता चित्रण गर्ने अभ्यास बढेको र दर्शकले रुचाइरहेको बताइन् । उनले भनिन्, "प्रस्तुतीकरण जति वास्तविक भयो, दर्शकले त्यति मन पराउँछन् । अभिनय जति धेरै वास्तविक हुन सक्यो त्यति राम्रो मानिन थालेका छन् । अहिले अभिनय गर्दा आँखामा आँसु जरुरी छैन, आँखामा पीडा देखिनुपर्‍यो ।"

कथाशैलीमा आएको बदलावलाई ओटिटीले बढावा दिएको कोइरालाको बुझाइ थियो ।

"विशेषतः कलात्मक चलचित्रले व्यावसायिकरूपमा चलचित्र भवनमा बलियो उपस्थिति जनाउन नसक्दा ओटिटीले प्रोत्साहन गर्नुका साथै लगानी सुरक्षित गरिदिएको छ," उनले भनिन्, "यसको फलस्वरूप आफूलाई स्थापित गर्नेलाई हौसला मिलेको छ ।"

# 'सामाजिक सञ्जालका सबै विषय समाचार होइनन्'

काठमाडौं, १८ भदौ/रासस

प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले सामाजिक सञ्जालको बढ्दो प्रयोगसँगै सञ्चारमाध्यमको प्रस्तुति र भूमिकालाई परिष्कृत गर्न जरुरी भएकाले यसतर्फ ध्यान दिन सञ्चारमाध्यमलाई सुझाव दिएका छन् ।

व्यक्तिले प्रयोग गर्ने सञ्जालमा राखिएका सामग्रीले भ्रम छर्दै गएकोतर्फ सञ्चारमाध्यम सजग बन्दै विश्वसनीय पत्रकारिता गर्नुपर्ने उनको भनाइ छ ।

"कोही पनि भ्रममा नपरौं । सामाजिक सञ्जालमा पस्किएका सबै विषय समाचार होइनन् । तर त्यस्ता विषयवस्तुले जनमानसलाई भ्रुक्याइरहेका छन् ।

सञ्चारमाध्यमले आफ्ना तथ्यपूर्ण र विश्वसनीय प्रस्तुतिबाट यस्ता भ्रम हटाउन सक्नुपर्छ," अध्यक्ष बस्नेतले नयाँ खुलेका अनलाइन सञ्चारमाध्यमका सम्पादक, प्रकाशकलाई काउन्सिलमा सोमवार दिइएको अभिमुखीकरणका क्रममा भने ।

उनले आधारहीन विषयवस्तु र हूबहू चोरी गरी समाचार बनाउने कतिपय अनलाइनले पत्रकारिता जगत्मैं हिलो छ्यापेकाले तिनलाई काउन्सिलले कारबाही गर्दै आएकोसमेत

(बाँकी अन्तिम पातामा)

## आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | सुयश | वृष | अलमल |
| मिथुन | धनलाभ | कर्कट | सफलता |
| सिंह | राज्यभय | कन्या | रोगभय |
| तुला | व्यापारवृद्धि | वृश्चिक | शत्रुभय |
| धनु | कार्यनाश | मकर | भयचिन्ता |
| कुम्भ | मित्रमिलन | मीन | कान्तिक्षय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

# लोसपाको मुस्लिम सङ्घ पर्सा गठन

प्रस, वीरगंज, १८ भदौ/

नेपाल महिला सङ्घ, पर्साले सङ्घकी संस्थापक अध्यक्ष स्व मङ्गलादेवी सिंहको २७औं स्मृति दिवस कार्यक्रमको आयोजना गरी मनाएको छ ।

वीरगंजस्थित शिवपार्वती धर्मशालामा नेपाल महिला सङ्घले आयोजना गरेको स्मृति दिवस कार्यक्रममा प्रमुख अतिथि नेपाली काङ्ग्रेस, पर्साका पूर्वसभापति एवं संविधानसभा सदस्य राजेन्द्रबहादुर अमात्यले नेपालको प्रजातान्त्रिक आन्दोलनमा महिलाहरूको तर्फबाट स्व सिंहको योगदान अविस्मरणीय रहको बताए ।

नेपाल महिला सङ्घ, पर्साकी अध्यक्ष विद्या श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा नेका पर्साका नेताहरू शम्भु चौहान, विजय कर्ण, रोशन लामिछाने, महिला सङ्घकी केन्द्रीय सदस्य डा सुषमा तिवारी, क्षेत्रीय सभापति अरविन्द गुप्ता, महानगर सभापति मणिन्द्रलाल नेपालीलगायतले मन्तव्य व्यक्त गरेका थिए ।


तस्वीरः प्रतीक

# श्मशानघाटबाट प्रहरीले शव नियन्त्रणमा लियो

प्रस, सेढवा, १८ भदौ/

इलाका प्रहरी कार्यालय, सेढवाले श्मशानघाटमा दाहसंस्कारका लागि लगिएको शव नियन्त्रणमा लिएर अनुसन्धान शुरू गरेको छ।

जीराभवानी गाउँपालिका–२ सेढवा निवासी करीब ६० वर्षीय बतहीदेवी मुसहरिनले हिजो पासो लगाएर आत्महत्या गरेकी र उनको शव घरपरिवार, गाउँलेहरूले प्रहरीलाई खबर नगरी अन्तिम संस्कारका लागि श्मशानमा लगेको सूचना पाएपछि प्रहरीले वृद्धाको शव श्मशानघाटबाट नियन्त्रणमा लिएको थियो।

इप्रका, सेढवाका प्रहरी नायब निरीक्षक नन्दकिशोर साहले अन्तिम संस्कार गर्ने क्रममा शव नियन्त्रणमा लिएर शल्यपरीक्षणका लागि नारायणी अस्पताल पठाएको बताए। श्मशानघाटमा प्रहरी पुगेपछि मलामी गएकाहरू सबैजना फरार भएका उनले बताए। प्रारम्भिक सूचनाका आधारमा बतहीदेवीले पासो लगाएर आत्महत्या गरेको बुझिन आएको तर कारण भने खुलिनसकेको उनले बताए। घटनाबारेमा थप अनुसन्धान भइरहेको प्रनानि साहले जानकारी गराए।

# विनाइजाजत सञ्चालित दुईवटा कलेजमा सिलबन्दी

प्रस, वीरगंज, १८ भदौ/

वीरगंज महानगरपालिका–१६ स्थित



तस्वीरः प्रतीक

माईस्थान बाल विद्या मन्दिर इन्दु लाखे आधारभूत विद्यालय गहवामा सञ्चालित अन्नपूर्ण कलेज र वीरगंज महानगरपालिका–११ स्थित युनिभर्सल एकेडेमी कलेजमा जिल्ला समन्वय समिति र वीरगंज महानगरपालिका कार्यालयको टोलीले सोमवार सिलबन्दी गरेको छ। माईस्थान बाल विद्या मन्दिर इन्दु लाखे आधारभूत विद्यालय, गहवामा सञ्चालित अन्नपूर्ण कलेजले अवैधरूपमा विद्यालय भवनमाथि कब्जा जमाएर आवश्यक अनुमतिपत्रविना सञ्चालन भएको पाएपछि सिलबन्दी गरिएको नगरप्रमुख राजेशमान सिंहका जनसम्पर्क सल्लाहकार नवराज फुयाँलले बताए। उनले सो स्थानमा जिल्ला समन्वय समिति, पर्साका सभापति निरञ्जन साह सोनार नेतृत्वको टोलीले विद्यालय भवनको मुख्यद्वारमा सिलबन्दी गरेको बताए।

यसैगरी, वीरगंज महानगरपालिका कार्यालयको टोलीले वीरगंज महानगर–११ स्थित युनिभर्सल एकेडेमी कलेजमा सिलबन्दी गरेको छ। युनिभर्सल एकेडेमीले पनि कलेज सञ्चालनका लागि आवश्यक अनुमति नलिएको पाएपछि महानगरले सिलबन्दी गरेको जनसम्पर्क सल्लाहकार फुयाँलले बताए।

यसअघि भदौ १३ गते वीरगंज महानगर कार्यालयले आवश्यक अनुमति नलिएर सञ्चालनमा रहेका वीरगंज स्कूल अफ ल, इम्पेरियल कलेज र बिजी बी किड्समा सिलबन्दी गरेको थियो। ती तीनवटै शैक्षिक संस्थामा हालसम्म सिलबन्दी जारी रहेको जनसम्पर्क सल्लाहकार फुयाँलले जानकारी गराए।

टोलीमा अनुगमन समितिका संयोजक ईश्वरचन्द्र यादव, वडाध्यक्ष परशुराम चौरसिया, शिक्षा महाशाखाका अधिकृत सिर्जना बुढाथोकी, नगरप्रहरी इन्चार्ज हरि भुसाल, जिल्ला प्रशासन कार्यालय, पर्साका प्रतिनिधि ब्रह्मदेवप्रसाद यादवलगायतको सहभागिता थियो।

# लोकतान्त्रिक समाजवाद पार्टीको पर्सा अध्यक्षमा मुसाफिर मियाँ

प्रस, वीरगंज, १८ भदौ/

लोकतान्त्रिक समाजवादी पार्टी निकट लोकतान्त्रिक मुस्लिम सङ्घ पर्साको अध्यक्षमा मुसाफिर मियाँ सर्वसम्मत चयन भएका छन्।

वीरगंज महानगरपालिका–२६ सुगौलीमा सोमवार आयोजित कार्यक्रममा अन्सारीको नेतृत्वमा ११ सदस्यीय लोकतान्त्रिक मुस्लिम सङ्घ पर्सा जिल्ला कार्यसमिति सर्वसम्मत चयन भएको लोसपा वीरगंज महानगर अध्यक्ष शेख फिरोजले बताए।



तस्वीरः प्रतीक

लोसपाका पर्सा जिल्ला अध्यक्ष पुरुषोत्तम झाको प्रमुख आतिथ्यमा सम्पन्न भेलाले मुस्लिम सङ्घको नेतृत्व सर्वसम्मत गराएको थियो। उनले सङ्गठनलाई चुस्तदुरुस्त तरीकाबाट सञ्चालन गर्न सुझाए। कार्यक्रममा उपाध्यक्ष सन्तोष तिवारी, केन्द्रीय सदस्य नेजामुद्दीन समानी, मौलाना साबिर, रामचन्द्र पण्डित, लालबाबूप्रसाद कुर्मी, अनिरुद्ध कलवारलगायतको सहभागिता थियो।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

## खेलकूदको संसार

# विश्वकप एशिया क्षेत्र छनोट : कतारलाई हराउँदै नेपाल सेमिफाइनलमा

काठमाडौं, १८ भदा/रासस

आइसिसी महिला टी–२० विश्वकप एशिया क्षेत्र छनोटमा नेपालले कतारलाई पराजित गर्दै प्रतियोगिताको सेमिफाइनलमा पुगेको छ।

मलेशियाको बांगीमा आज भएको खेलमा नेपालले कतारलाई ९ विकेटले पराजित गर्दै सेमिफाइनल यात्रा तय गरेको हो। प्रतियोगितामा नेपालको यो लगातार चौथो जीत हो। यस अघि नेपालले घरेलु टोली मलेशियालाई ५ रन, बहराइनलाई १० विकेट र भूटानलाई तीन विकेटले पराजित गरेको थियो।


तस्वीर सौजन्य : क्यान

समूह ए बाट नेपालले एक खेल अगावै सेमिफाइनलमा आफ्नो स्थान पक्का गरेको हो। जितको लागि ७५ रनको सामान्य विजयी लक्ष्य पछ्याएको नेपालले १०.३ ओभरमा १ विकेट गुमाउँदै पूरा गर्‍यो। नेपालको जितमा काजल श्रेष्ठले सर्वाधिक ३२ रनको योगदान दिइन्। उनले २८ बलमा ४ चौकासहित ३२ रन जोडिन्। त्यस्तै इन्दु वर्मा १२ बलमा ३ चौकासहित २० रनमा अविजित रहिन्। सीता रानामगर २३ बलमा १७ रनमा अविजित रहिन्।

त्यस अघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको कतारले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै ७४ रनको योगफल बनाएको थियो। कतारकी साची धडवालले ४४ बलमा १ चौकासहित सर्वाधिक २१ रनको योगदान दिइन्। त्यस्तै एलिना खानले १५, एन्जिली मारेले अविजित १४ तथा कप्तान आयशाले १० रन बनाइन्।

नेपालका लागि इन्दु वर्माले तीन विकेट लिइन् भने पूजा महतो र कविता जोशीले समान एक विकेट लिए। नेपालले समूह चरणको अन्तिम खेल बुधवार युएईसँग खेल्नेछ।


वर्षाका कारण रोकिएको एसिया कप क्रिकेटअन्तर्गत नेपाल र भारतबीचको खेल पुनः सुरु भएको छ। श्रीलंकाको पालेकेले क्रिकेट रंगशालामा बर्षा बाधक बनेपछि निर्धारित ५० ओभरको खेललाई छोटयाएर २३ ओभरमा झारिएको छ। यससँगै अब भारतले १४५ को नयाँ लक्ष्य प्राप्त गरेको छ। तस्वीरः रासस

## 'सामाजिक सञ्जाल ....

बताए।

अभिमुखीकरणका सहभागीलाई पत्रकार आचारसंहिता र सञ्चार निर्देशिकाहरूमा केन्द्रित रही प्रस्तुति राखिएको थियो। डिजिटल मिडियाले ल्याएका चुनौती र सञ्चारमाध्यमले ध्यान पुऱ्याउनुपर्ने विषयबारे काउन्सिलका पूर्वकार्यवाहक अध्यक्ष गोपाल बुढाथोकी र नेपाल टेलिभिजनका समाचार प्रमुख पुष्पहरि क्याम्पा राईले प्रकाश पारेका थिए। कार्यक्रममा विभिन्न ३२ सञ्चारमाध्यमका सञ्चालक/सम्पादकको सहभागिता थियो।

## पानीको स्रोत वितरण प्रणाली सफा राखौं

- पानीका मुहान तथा तथा स्रोतलाई सफा र सुरक्षित राखौं।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं।
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डार गर्ने टयाङ्की समयसमयमा सफा गरौं।
- घर तथा सार्वजनिक स्थलका पानी टयाङ्की, धाराका टुटी तथा पानी सङ्कलन गरिएका भाँडा समयसमयामा सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## महानगरका घरहरू ...

पुऱ्याउने विश्वास व्यक्त गरे।

महानगरको आरयुडिपी प्रोजेक्ट अन्तर्गत एडिबीको सहयोगमा यो प्रणाली शुरू गर्न लागिएको हो। गणकहरूले आवश्यक तथ्याङ्क सङ्कलन गरी त्यसका आधारमा मेट्रिक ठेगाना प्रणाली बनाउनेछन्।

वीरगंज महानगरपालिका–१० आदर्शनगरस्थित नेपाल इन्भेस्टमेन्ट मेघा बैंक रहेको भवनमा महानगर प्रमुख सिंहले नम्बर प्लेट टाँस गरी मेट्रिक ठेगाना प्रणालीको सोमवार विधिवत्‌रूपमा उद्घाटन गरेका थिए।

आदर्शनगरचोकदेखि ठाकुर राम बहुमुखी क्याम्पससम्मको सडकलाई पशुपति घोष मार्ग नामकरण गरेर सो बैंकमा २३० नम्बरको प्लेट टाँस गरिएको हो।

सो स्थानका चोकदेखिको दूरीको आधारमा घरको ठेगाना पत्ता लगाउने विधिलाई मेट्रिक ठेगाना प्रणाली भनिएको महानगरपालिकाले जनाएको छ। उक्त दूरीलाई आधार मानेर घरको नम्बर, टोल र बाटोको नाम उल्लेख गरी सोही आधारमा घरहरूमा नम्बर प्लेट राखिने महानगरका प्राविधिक सल्लाहकार प्रकाशमान सिंह अमात्यले बताए।

पहिलो चरणमा महानगरका वडा नं १ देखि १६ सम्म जिआइएस बेस्ड हाउस नम्बरिङ गर्नका लागि सर्भे गरी सबै सडकको नामकरण गर्नुका साथै आवश्यक डाटाबेस तयार पारिसकिएको जिआइएस विज्ञ उमेश कुँवरले बताए। आवश्यक डाटाबेसका आधारमा सडकको शुरू बिन्दुबाट दायाँतर्फ जोर नम्बर र बायाँतर्फ बिजोर नम्बरका आधारमा नम्बरिङ गरिने पनि प्रस्टयाए।

आज नामकरण गरिएको पशुपति घोष मार्गमा सोमवार ५५ वटा घरमा नम्बरिङ गरिएको महानगरपालिका कार्यालयले जनाएको छ। १६ वटा वडाका करिब ३३ हजारभन्दा बढी घरमा नम्बरिङ गर्ने तयारी रहेको र पहिलो चरणमा कम्तीमा १० हजार घरमा मेट्रिक प्रणालीसहितको नम्बर प्लेट वितरण गरिने प्राविधिक सल्लाहकार अमात्यले बताए।

सडक/गल्लीको नाम र दूरीको आधारमा घर नम्बर प्रदान गरिने भएकाले घरहरू यो प्रणाली अनुसार सहजै पत्ता लगाउन सकिने जिआइएसका प्राविधिक सबइन्जिनीयर अर्चन आचार्यले बताए। उनले नम्बरिङ गरिएका घर, सडक र गल्लीका नाम गूगलमा समावेश गर्ने कार्य भइरहेको पनि बताए।

## सूर्य नेपाल ...

सूर्य नेपालले यसअघि पनि काम गरेको र आगामी दिनमा पनि काम गर्ने बताए।

उनले सामाजिक उत्तरदायित्व निर्वाह गर्ने क्रममा पर्सागढी नपाका किसानहरूलाई ह्याचरी मेशीन उपलब्ध गराइएको बताए।

अन्नपूर्ण दुग्ध उत्पादन सहकारी संस्थाका अध्यक्ष जगन्नाथ तिवारीले स्वागत मन्तव्य व्यक्त गर्दै सूर्य नेपालले यसअघि विपन्न कृषकहरूलाई लक्षित गरेर कृत्रिम गर्भधारणका लागि गरेको व्यवस्थाले आर्थिक सहयोग मिलेको बताए। उनले अहिले प्राप्त मेशीनबाट पनि किसानहरूलाई फाइदा हुने बताए। सुनाखरी कृषि सहकारीका अध्यक्ष अर्जुन नेपालले ह्याचरी मेशीनबाट किसानहरूको आर्थिक स्तर उकास्न सहयोग हुने बताए।